मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ८ गते आइतवार (Sunday, March 21. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## ४० वर्ष भारतीय जेलमा बसेर दुर्गाप्रसाद घर फर्किए



**झापा, चैत ७।** ४० वर्षसम्म भारतीय जेलमा बसेका दुर्गाप्रसाद तिम्सिना घर फर्किएका छन् ।

दीपक जैसी उपनामले परिचित उनी शनिबार दिउँसो छुटेका हुन् । कारागारबाट छुटे लगत्तै उनी नेपाल फर्किएका छन् । घर फर्कनु अघि उनले जेलबाट छुट्ने बित्तिकै सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै भनेका थिए- 'म निर्दोष थिएँ ।'

भारत पश्चिम बंगालको दमदम करेक्सनल सेन्टर (सेन्ट्रल जेल) मा रहेका उनी कोलकाता उच्च अदालतको आदेश बमोजिम छुटेका हुन् । शारीरिक र मानसिक रुपमा कमजोर उनी आइतबार नेपाल आइपुग्ने छन् । दुर्गाप्रसादलाई लिन भाइ प्रकाशचन्द्र दमदम जेल पुगेका थिए । अदालत र प्रकाशचन्द्रबीचको सम्झौतासहितको पत्र शुक्रवार अपरान्ह अदालतले जेल पठाएको थियो । त्यही पत्रका आधारमा जेल प्रशासनले उनलाई छाडेको हो ।

कोलकाता उच्च अदालतका न्यायाधीशद्वय थोट्टाथिल बी नायर राधाकृष्णन् र न्यायाधीश अनिरुद्र रोयले बुधबार उनलाई छाड्न आदेश दिएका थिए । अदालतको आदेशपछि भाइ प्रकाशचन्द्र, सहयोगी संस्था विश्व सेवा विस्तारका प्रतिनिधि इन्द्र बस्नेतसहित कोलकाता पुगेका थिए ।

दुर्गाका वकिल हिरक सिन्हाका अनुसार उनको हरेक ६ महिनामा मानसिक अवस्थाबारे कोलकातास्थित नेपाली महावाणिज्य दूतावासलाई जानकारी गराउनुपर्नेछ । महावाणिज्य दूतावासले पुनः अदालतलाई जानकारी गराउने छ ।

## झापामा आत्महत्या दर बढ्दै

### क्षणिक आवेग व्यवस्थापन नगर्दा समस्या, महिलाभन्दा पुरुषबढी

**नरेन्द्र ढकाल**

**झापा, चैत ७।** झापाको बिर्तामोडस्थित एक विद्यालयमा कक्षा ११मा अध्ययरत् दुई किशोरीले एक साताको अवधिमा आत्महत्या गरे ।

बिर्तामोडमा कोठा लिएरसँगै बस्ने साथीले के कारणले आत्महत्या गरिन् भन्ने खुल्न नसकेको बताइएको छ । उनीहरु एक जना ताप्लेजुङ र अर्की इलामकी किशोरी रहेको चारआलीकी संस्कृति रिजालले जानकारी दिइन् । झापासहित पूर्वका जिल्लामा पछिल्लो समय आत्महत्याको दर बढ्दै गएको प्रहरीको तथ्याङ्कले देखाएको छ । आत्महत्या रोक्न प्रहरीले समुदाय साझेदारी कार्यक्रम अन्तर्गत विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । तर, आत्महत्या गर्नेको संख्यामा भने कुनै कमी आएको छैन् ।

विश्वमा प्रत्येक ४० सेकेण्डमा मान्छेले आत्महत्या गर्ने जनाइएको छ । नेपालमा आत्महत्याका प्रमुख कारणहरुमध्ये विभिन्न उपचार गर्दा पनि निको हुन नसकेका जीर्ण रोगले सताएका बिरामी, आफन्तको मृत्यु, बढ्दो एकल जीवन, वैदेशिक रोजगारका सामाजिक असर, प्रेममा धोका, लागूऔषध, परीक्षामा असफलता, जीवनमा निराशा, क्षणिक आवेग, दाइजो प्रथा तथा महिला हिंसा रहेको प्रहरी अनुसन्धानले देखाएको छ । समाजमा आत्महत्यालाई कायरताको रुपमा लिने गरेको पाइन्छ । आत्महत्या भनेको एउटा मनोरोग भएको र यसलाई नियन्त्रण गर्न सकिने चिकित्सकहरुले बताएका छन् ।

आत्महत्या मान्छेले विभिन्न तरिकाले गर्ने गरेको पाइएको छ । नेपालको सन्दर्भमा मुख्यगरी डोरीमा झुन्डिएर, विष सेवन गरेर, ताल तथा गहिरो दहमा डुबेर, घरको छतबाट फाल हानेर, खोलामा हेलिएर, अग्लो भीरबाट हामफालेर, आगो लगाएर, करेन्ट लगाएर, आफैंले आफ्नो हातको रक्तनली काटेर आत्महत्या गरेको पाइन्छ । त्यसैगरी यौन हिंसाका शिकार भएका किशोर-किशोरीले आफूमाथि परेको समस्या अरुलाई भन्न र सुनाउन नसक्दा आत्महत्याको बाटो रोज्ने गरेको वीएण्डसी हस्पिटलकी मनोचिकित्सक डा. श्रद्धा भण्डारीले बताइन् ।

आवेगमा आएर गरिने आत्महत्या, डिप्रेसनका कारण गरिने आत्महत्या पछिल्लो समय बढ्दै गएको चिकित्सकहरुको भनाइ छ । समाजिक परिवेशका कारण पनि आत्महत्या गर्नेको संख्यामा वृद्धि भएको पाइएको छ । अन्तरजातीय विवाह, रितीरिवाज, दुर्व्यवहार तथा सामाजिक कुरीतिहरुले गर्दा पनि आत्महत्या गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ । प्रेममा धोका, झुठा आरोप खेप्न नसकी, बेइज्जत भएको सहन नसक्दा र कुनै जघन्य अपराध गरे पश्चात् आत्मग्लानीले पनि आत्महत्याको बाटो रोजेको भेटिएको जनाइएको छ । लागूऔषध सेवनकर्ता र नियमित रुपमा रक्सी सेवन गर्ने व्यक्तिले पनि आत्महत्या गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ ।

झापामा वर्षेनि आत्महत्या दर बढ्दै गएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार आर्थिक वर्ष २०७४/०७५ मा दुई सय ४७ जनाले आत्महत्या गरेका थिए । आर्थिक वर्ष २०७५/०७६ मा दुई सय ८८, आर्थिक वर्ष २०७६/०७७ मा दुई सय २३ जना र चालू आर्थिक वर्ष २०७७/०७८ को फागुन मसान्तसम्ममा एक सय ७० जनाले आत्महत्या गरिसकेका छन् । आत्महत्या गर्ने अधिकाशं युवावस्थाका महिला तथा पुरुष रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिए ।

प्रहरीले आत्महत्या न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम अघि बढाएको छ । जिल्ला प्रहरी कार्यालय झापाले लागूऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण र दुर्घटना न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम गर्दै आएको प्रहरी नायब उपरीक्षक थापाले बताए । प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि आत्महत्याको दर नघट्नु चिन्ताको विषय भएको प्रहरीले जनाएको छ । प्रहरीले किशोरावस्थामा रहेका आफ्ना छोराछोरीको निगरानी गर्न आग्रह गरेको छ । कुलतमा फस्नुभन्दा अघि नै उनीलाई सुधार गर्न सकिने प्रहरीको भनाइ छ ।

**महिलाभन्दा पुरुष बढी**

झापामा आत्महत्या गर्नेमा महिलाभन्दा पुरुषको संख्या बढी रहेको छ । जिल्ला प्रहरी कार्यालयका

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडमा तनाव व्यवस्थापन तालिम




**बिर्तामोड, चैत ७।** पछिल्लो समय बढ्दो तनाबका कारण मानिसहरु डिप्रेशनको शिकार बन्ने गरेका छन् । तनाब व्यवस्थापन गर्न नसक्दा मानिसहरु आत्महत्याको बाटो रोज्न बाध्य भएका छन् ।

यस्तो समस्याले समाजमा नकारात्मक प्रभाव बढ्दै गइरहेको अवस्था छ । समाजमा भइरहेका यस्ता गतिविधि रोक्न सचेतनाको आवश्यकता महशुस गरेर वीरता लेडी जेसीजको आयोजनामा तनाव व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

वीएण्डसी हस्पिटलको प्राविधिक सहयोगमा भएको तनाव व्यवस्थापन सम्बन्धी तालिम वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षता तथा वीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रम संयोजक दीपा शिवाकोटीले स्वागत गरेको कार्यक्रममा कार्यक्रम संयोजक स्मृति रिमालले आस्था वाचन र कोपिला पोखरेल सिटौलाले जेसीआई मिसनभिजन बाचन गरेका थिए ।

कार्यक्रममा सूर्योदय टेलिभिजनकी प्रबन्ध निर्देशक विष्णु मैनाली, वीएण्डसी हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीलगायतले वीरता लेडी जेसीजले आयोजना गरेको तनाव व्यवस्थापन सम्बन्धी तालिमले सहभागीलाई तनाव व्यवस्थापन गर्न मद्दत पुग्ने बताए ।

कार्यक्रममा वीएण्डसी हस्पिटलकी मनोचिकित्सक डा. श्रद्धा भण्डारीले तनाव व्यवस्थापन बारे सहजीकरण गरेकी थिइन् । उनले तनावको प्रकार, कारण, तनाव व्यवस्थापन गर्ने उपायलगायतका विषयमा प्रशिक्षण प्रदान गरेकी थिइन् ।

तालिममा वीरता लेडी जेसीजका पदाधिकारी, मारवाडी महिला मञ्च, छठ महिला मञ्च, मेची-महाकाली बुहारी संयुक्त आवाज झापाका पदाधिकारी, सुन्दर आमा समूहका सदस्यसहित ६० जना भन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीको तर्फबाट कल्पना मैनाली र प्रमिला बजगाईंले तालिम फलदायी रहेको बताएका थिए । कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव हिमा पौडेलले गरेकी थिइन् ।

## दरबन्दी कट्टा र सरुवाको निर्णय सच्याउन संघको माग

**हल्दिबारी, चैत ७।** आफ्नो विद्यालयमा दरबन्दी बढाई दिन विद्यालय व्यवस्थापन समितिले माग गर्नु नियमित र प्रक्रियागत काम हो । तर, भएको दरबन्दी व्यवस्थापन समितिले नै कटौती गर्न माग गरेका घटनाहरु भने विरलै हुन्छन् । त्यस्तै काम गरेको छ- हल्दिबारी-३स्थित लक्ष्मी माध्यमिक विद्यालयले ।

प्रावि तहका शिक्षक प्रधानाध्यापक रहेर मावि तह सञ्चालित लक्ष्मी माविको मावि तह तृतीय श्रेणीका शिक्षक रामप्रसाद घिमिरेले शिक्षा ऐन, नियमावली र निर्देशिका बमोजिम प्रधानाध्यापक नियुक्त गर्न माग गरेसंगै विद्यालय व्यवस्थापन समितिले दरबन्दी नै कट्टा गर्ने गरी शिक्षक सरुवाका लागि गाउँपालिकाको शिक्षा शाखामा माग गरेको थियो ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयमा मावि तहको दरबन्दी कट्टा गरी सरस्वती आधारभूत विद्यालय हल्दिवारी-१ का शिक्षक मदन पोखरेललाई विद्यालयमा फर्काउन माग गरेको थियो । नेकपा समर्थित उनलाई व्यवस्थापन समितिको माग अनुसार लक्ष्मी माविमा फर्काउने र फरक आस्था राख्ने शिक्षकलाई योग्यता अनुसारको जिम्मेवारी दिनुको सट्टा व्यवस्थापन समितिले दरबन्दी नै कटाउन र प्रधानाध्यापकको माग गर्ने शिक्षकको समेत सरुवा गर्न भनेको थियो । घिमिरेले गत फागुन ११ गते आफूलाई प्रधानाध्यापकमा नियुक्ति गर्न विद्यालय व्यवस्थापन समिति समक्ष माग गरेका थिए । मावि तहका शिक्षक भए पनि बिगत ३ वर्षदेखि प्रावि तहका प्रधानाध्यापकको मातहतमा रहेर शिक्षण गर्दै आएको घिमिरेले बताए ।

विद्यालय व्यवस्थापन समितिको माग अनुसार हल्दिबारी गाउँपालिकाको यही चैत-५ गते बसेको बैठकले बहुमतका

(बाँकी अन्तिम पृष्ठमा)

## चुलाचुलीमा धान संकलन गृह

**उमानाथ भण्डारी**

**कमल, चैत ७।** प्रदेश नम्वर १का कृषि तथा सहकारी राज्यमन्त्री राम रानाले ईलामको चुलाचुलीमा धान संकलन गृहको उद्घाटन तथा कृषि औजार वितरण गरेका छन् ।

उनले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत दक्षिणी इलामको चुलाचुली गाउँपालिका वडा नम्बर १मा निर्माण गरिएको धान संकलन गृह तथा उन्नत धान ब्लक आयोजना र मकै सघनवाली विकास आयोजनामा संलग्न उत्कृष्ट कृषकलाइ कृषि औजार वितरण गरेका हुन् ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत चुलाचुली गाउँपालिकामा धान ब्लक कार्यक्रम र मकै खेती कार्यक्रमका लागि प्रदेश सरकारबाट सहयोग गरिएको छ । अबको समय भनेको कृषि यान्त्रिकीकरणको हो, यसले सबै कृषकलाई कृषि उत्पादन सहयोग पुग्ने र चुलाचुली गाउँपालिकाका कृषकलाई फाइदा पुग्ने चुलचाचुली गाउँपालिकाका अध्यक्ष प्रदीप चन्द्र राईले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत यस क्षेत्रका कृषकलाई कृषियन्त्र वितरण गरिएको थियो । जस अन्तर्गत १८ वटा डिप वोरिङ, ३४ वटा ट्रली ५ वटा मकै रोप्ने मेसिन, १० वटा स्प्रे ट्यांकी १ थान,

(बाँकी अन्तिम पृष्ठमा)

## धुलावारीमा गिरिजाप्रसादको शालिक

**झापा, चैत ७।** गणतन्त्र नेपालका प्रथम राष्ट्राध्यक्ष तथा नेपाली कांग्रेसका पूर्वसभापति गिरिजाप्रसाद कोइरालाको शालिक शनिवार अनावरण गरिएको छ । झापामा स्थापना गरिएको यो उनको पहिलो शालिक हो ।

कोइरालाको ११औं स्मृति दिवसको अवसर पारेर नेपाली कांग्रेस क्षेत्रीय समितिले मेचीनगर नगरपालिका-१० धुलाबारीस्थित कार्यालयमा निर्माण गरेको शालिकको अनावरण गरिएको हो ।



नेपाली कांग्रेसका प्रवक्ता तथा केन्द्रीय सदस्य विश्वप्रकाश शर्माले शालिकको अनावरण गरे । भारतको जयपुरबाट नेपाली रु. एक लाख २० हजारमा खरिद गरेर उनको अर्धकदको प्रतिमा ल्याइएको नेपाली कांग्रेस क्षेत्र नं. १ का सभापति मणि उप्रेतीले जानकारी दिए ।

उनले नेपाली राजनीतिका शिखर पुरुष कोइरालाको स्मृतिलाई जीवन्त राख्न कार्यालयको बरण्डामै उनको शालिक राखिएको बताए । शालिक निर्माणका लागि पार्टीका कार्यकर्ताबाटै रकम सङ्कलन गरिएको थियो ।

## टिपरको ठक्करबाट एकको मृत्यु, चार जना घाइते

**दमक, चैत ७।** झापाको दमकस्थित चियाबगानमा टिपरको ठक्करबाट मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको भने चार जना घाइते भएका छन् ।

दुर्घटनामा परी रतुवामाई-८बस्ने बर्ष २४का अनिस कोइरालाको मृत्यु भएको हो । पूर्वबाट पश्चिम जाँदै गरेको प्रदेश नम्बर १-०२-०४४प ८१३३ नम्बरको मोटरसाइकललाई बिपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०२-००१ च १०८२

(बाँकी अन्तिम पृष्ठमा)

**२५ कर्मचारी तु-आवश्यकता**

एक प्रतिष्ठित बहुराष्ट्रिय कम्पनीका लागि १२ महिला तथा १३ पुरुष कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले वायोडाटा(C.V.) सहित तुरुन्त अफिसमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या | योग्यता | तलब (कम्पनी नियम अनुसार) |
|---|---|---|---|
| मेनेजर | ४ जना | व्याचलर वा सो सरह | २५०००भन्दा माथि |
| सहायक मेनेजर | ८ जना | +२ वा सो सरह | १५००० भन्दामाथि |
| अन्य कर्मचारी | १२ जना | एसएलसी/एसईई वा सो सरह | १० हजारसम्म |

उमेरः १७ बर्षदेखि २७ बर्षभित्रको हुनुपर्नेछ ।
नोटः - अनुभव नभएकोले पनि सम्पर्क गर्न सक्नुहुनेछ । टाढाबाट आउनेलाई निःशुल्क खाना-बस्नको व्यवस्था छ । बिर्तामोड-५, कनकाई रोड, झापा
(मो. ९८०६४२८७७९, ९८१२६०९५११)

समाल रियल स्टेट प्रा.लि.
**जग्गा खरिद बिक्री केन्द्र**
बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष
गोर्खा सुपर मार्केट छेउ, शनिश्चरे रोड, बिर्तामोड, झापा
प्रबन्ध निर्देशकः राजु समाल (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**पायल्स तथा फिस्टुलाको उपचार**
पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **चैत ७ र ८ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।
ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**
पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)
सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६



# साठीमुरे गोल्डकपको उपाधि एभरग्रीनलाई



**अर्जुनधारा, चैत ७।** झापाको अर्जुनधारा-२स्थित साठीमुरेमा जारी प्रथम साठीमुरे गोल्डकपको उपाधि एभरग्रीन फुटबल क्लब इलामले जितेको छ।

स्थानीय साठीमुरे खेल मैदानमा शनिबार सम्पन्न भएको प्रतियोगिताको फाइनल खेलमा गुनमुने फुटबल क्लब इलामलाई टाइब्रेकरमा ३-२ गोल अन्तरले पराजित गर्दै एभरग्रीनले उपाधि जितेको हो। निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो। जितसँगै विजेता र उपबिजेता टिमले नगद पुरस्कार क्रमशः २५ हजार र १५ हजारसहित शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गरेका छन्।

त्यसैगरी प्रतियोगिताको म्यान अफ द टुर्नामेन्ट सूर्य मगर (गुनमुने), फाइनल खेलका म्यान अफ द म्याच दीपेश मगर (गुनमुने), बेस्ट गोलकिप्पर कमल मगर (गुनमुने), बेस्ट डिफेन्स सुगम लिम्बू (एभरग्रीन), हाएस्ट स्कोरर वचन लिम्बू (एभरग्रीन) र फेयर प्ले दूधे युवा क्लब इलाम घोषित भएका छन्।

बिजेता र उपबिजेता हुने खेलाडीहरुलाई प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार राना, नगर कार्यपालिका सदस्य रमेश त्रिखत्री, नगरसभा सदस्य बलबहादुर समाल मगर, माई नगरसभा सदस्य केशरकुमार राई, शान्ति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तुलसीप्रसाद खतिवडा, समूहका पूर्व वरिष्ठ उपाध्यक्ष रुपनारायण समाल, वेलटार खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष योगप्रसाद आचार्य, स्थानीय शान्ति युवा समाजका अध्यक्ष अर्जुन समाललगायले पुरस्कारहरु वितरण गरेका थिए।

स्थानीय साट्ठीमुरे युवा क्लबको आयोजनामा गत फागुन २२ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा झापा र इलामका २३ टिमको सहभागिता रहेको क्लबका संयोजक सुजन दर्लामी मगरले जानकारी दिए। संयोजक सुजन दर्लामी मगरको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन क्लबका सदस्य सुजन समाल मगरले गरेका थिए।

त्यस्तै सोही कार्यक्रममार्फत् वर्षाको समयमा स्थानीय टाङटिङ खोलाले उक्त खेल मैदानमा गर्ने क्षति बारे जानकारी गराउँदै क्लबले त्यसको संरक्षणको लागि तत्काल तटबन्धन गर्न नगर प्रमुख रानालाई ध्यानाकर्षण गराएको थियो।

# बुद्धशान्ति-३ भलिबल च्याम्पियन



**शान्तिनगर, चैत ७।** झापाको बुद्धशान्ति गाउँपालिकामा आयोजित प्रथम उपाध्यक्ष कप नकआउट भलिवल प्रतियोगिताको उपाधि वडा न. ३ ले जितेको छ।

शनिवार भएको प्रतिस्पर्धात्मक फाइनल खेलमा उपाधि दावेदार मानिएको वडा नं.४ (बी) लाई हराउँदै पहिलोपटक वडा-स्तरीय भलिवल प्रतियोगिताको उपाधि ३ले चुमेको हो। बुद्धशान्ति-४ स्थित बर्ने चिया कमानको खेल मैदानमा (वेष्ट अफ फाइभ) को फाइनल खेलमा वडा नं. ३ ले २५/१९, २५/१६ र २५/७ को सेटमा हराउँदैं उपाधिमाथि कब्जा जमाएको हो।

पहिलो र दोस्रो सेट आफ्नो पक्षमा पारेको वडा न.४ (बी) ले त्यसपछि आफ्नो लय गुमाउँदा ३ नं. वडाले भरपुर सदुपयोग गर्दै गुमाउन लागेको उपाधि आफ्नो पक्षमा पारेको थियो। अत्यन्तै रोमाञ्चक र हेर्न लायक प्रतिस्पर्धाले दर्शकलाई खुवै मनोरञ्जन दिएको थियो। फाइनल खेलको बेष्ट लिफ्टर बिजेता टोलीका सुरेश दाहाल, वेष्ट ब्लकर मनोज अधिकारी, वेष्ट सटर रोशन बानियाँ, बेष्ट डिफेन्स उपबिजेता टोलीका पुजन लिम्बू र खेलको सर्वोत्कृष्ट खेलाडीमा उप-विजेता टोलीका विपीन मोते घोषित भए। उनीहरुलाई नगद सहित प्रमाण-पत्र वितरण गरिएको थियो।

बिजेता टोलीले नगद ३० हजार रुपैयाँसहित ट्रफी प्रमाण-पत्र प्राप्त गऱ्यो भने उप-बिजेता टोलीले नगद १५ हजार रुपैयाँ ट्रफी, प्रमाण-पत्रमा चित्त बुझाएको छ। बिजेता तथा उप-विजेता टोलीलाई बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेश कुमार भुजेल र उपाध्यक्ष मीरा भुर्तेलले पुरस्कार वितरण गरेका थिए।

स्थानीयस्तरका खेलाडीलाई प्रोत्साहन गरी पालिका स्तरीय टिमका लागि खेलाडी छनौट गरी एक मजबुत टोली बनाउने सो प्रतियोगिता आयोजना गरिएको हो। स्थानीय स्तरमा रहेका खेलाडीलाई प्रोत्साहन गर्न र खेलाडी छनौट गरी अन्तर पालिकामा आयोजना हुने भलिबल प्रयोगितामा सहभागी गराउने टोली बनाउने उद्देश्यले सो प्रतियोगिता आयोजना गरिएको हो। प्रथम अध्यक्ष कप नकआउट फुटवल प्रतियोगिता २०७७ आगामी चैत्र १२ गतेवाट त्रिभुवन माविको खेल मैदानमा हुँदैछ।

# बिर्तामोडमा कपाल प्रत्यारोपण मेला

**झापा, चैत ७।** पूर्वमै पहिलोपटक झापाको बिर्तामोडमा कपाल प्रत्यारोपण शुरु गरिएको छ।



एचडी हेयर एण्ड डर्मा केयर प्रालि बिर्तामोडमा मेलाको आयोजना गर्दै कपाल प्रत्यारोपण शुरु भएको हो। 'डाइरेक्ट हेयर ट्रान्सप्लान्ट' प्रविधिबाट कपालको प्रत्यारोपण शुरु गरिएको प्रालिका सञ्चालक तथा कस्मेटोलोजिष्ट मनु चिमरियाले जानकारी दिए।

चैत्र १४ गतेसम्म सञ्चालन हुने कपाल प्रत्यारोपण मेलामा पूर्वका विभिन्न जिल्लाका स्थानीयबासी लाभान्वित हुने बताइएको छ। डर्माटोलोजिष्ट डा. अमित घिमिरेको नेतृत्वको टोलीले कपाल प्रत्यारोपणको सेवा प्रदान गरिरहेको छ। डा. घिमिरेको नेतृत्वमा ५ सदस्यीय डाक्टर तथा प्राविधिकहरुको टोलीले कपाल प्रत्यारोपण शुरु गरेको कस्मेटोलोजिष्ट चिमरियाले जानकारी दिए।

पछिल्लो समय पुरुष युवामा खानपान तथा रहनसहन र वंशानुगत गुणका कारण समेत कपाल झर्ने समस्या बढ्दो रहेको पाइएको छ। युवापुस्तामा देखिएको कपाल झर्ने समस्याको दीर्घकालीन समाधानका लागि एक मात्र विश्वसनीय विकल्प प्रत्यारोपण नै रहेको चिकित्सकहरुले बताएका छन्। पूर्वमै पहिलोपटक कपाल प्रत्यारोपणको सेवा शुरु गरेसँगै युवा पुरुष समेत उत्साहित बनेका छन्। बिशेषगरी ४० बर्ष उमेर समूह पार गरेका पुरुषहरुमा कपाल झर्ने समस्या अधिक हुने गरे पनि पछिल्लो समय किशोरावस्थादेखि नै यो समस्या देखा पर्न थालेको कस्मेटोलोजिष्ट चिमरियाले बताए।

कपाल प्रत्यारोपण गर्दा सामान्य चोटपटक लागे जति पनि समस्या नहुने र कुनै खालको ठूलो शल्यक्रिया पनि नभएकोले कपाल प्रत्यारोपण गरेकै दिन घर जान सक्ने बताइन्छ। कपाल प्रत्यारोपण गर्दा पेनलेस हुन्छ चिमरियाले भने-कपाल प्रत्यारोपण गर्दा डराउनु पर्दैन।

सौन्दर्यका पारखीहरुका लागि कपाल प्रत्यारोपणले फाइदा पुग्ने बताइन्छ। अत्याधुनिक प्रविधिसहित शुरु भएको कपाल प्रत्यारोपण सेवालाई साताव्यापी मात्र नभई आगामी दिनमा आम नागरिकको सुझाव बमोजिम अघि बढाइने बताइएको छ। एचडी हेयर एण्ड डर्मा केयर प्रालि करिब एक बर्षअघि मात्रै सञ्चालनमा आए पनि छोटो समयमा उच्च स्तरीय प्रविधि भित्र्याएर कस्मेटो, डर्मेटो सम्बन्धी उत्कृष्ट सेवा प्रदान गर्दै आएको बताइएको छ।

बिशेषगरी उच्चस्तरीय मेसिन तथा उपकरणहरुद्वारा छालाको जाँच, दाद, सोराइसिस, एक्जिमा जस्ता छालाका रोगहरुको समेत सफल उपचार हुँदै आएको प्रालिमा पछिल्लोपटक कपाल प्रत्यारोपण मेलाको आयोजना गर्दै पूर्वका सर्वसाधारणलाई गुणस्तरीय सेवा प्रदान गरिएको हो।

## दरबन्दी ...

आडमा दरबन्दी कट्टा र शिक्षक सरुवाको निर्णय गरेको बुझिएको छ। स्रोतका अनुसार ५ वटा वडा रहेको हल्दिबारी गाउँपालिकाका ३ जना वडाध्यक्षहरुले उक्त मागप्रति असहमति जनाउँदै बैठक छोडेर बाहिरिएपछि बहुमतका आडमा दरबन्दी कट्टासहित शिक्षक सरुवाको निर्णय गरेको हो। उक्त निर्णयमा गाउँपालिका अध्यक्षले समेत असहमति जनाएका छन्। हल्दिबारी गाउँपालिकामा नेकपा एमालेको बहुमत छ।

विद्यालयमा भएको दरबन्दी समेत कट्टा र शिक्षक सरुवा शिक्षा ऐन विपरीत भएको भन्दै नेपाल शिक्षक संघ हल्दिबारीले निर्णय सच्याउन माग गरेको छ। निर्णय सच्याउन माग गर्दै संघले गाउँपालिकाको कार्यालयमा ज्ञापन पत्र बुझाएको संघले शिक्षा शाखा र शिक्षा विकास तथा समन्वय इकाईमा ज्ञापन पत्रको बोधार्थ समेत दिएको जनाएको छ।

विद्यालयमा कार्यरत मावि तहका तृतीय श्रेणीका स्थायी शिक्षक घिमिरेले प्रधानाध्यापक नियुक्तिको माग गरेसँगै बसेको विद्यालय व्यवस्थापन समितिको पहिलो बैठकले स्टाफसंगको राय सल्लाहमा निर्णय लिने निर्णय पुस्तिकामा उल्लेख गरेको थियो। त्यसपछि स्टाफसहित बसेको बैठकमा बरिष्ठताका आधारमा घिमिरेलाई प्रधानाध्यापक नियुक्तिका पक्षमा शिक्षकहरुको राय, सल्लाह विपरीत विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाको शिक्षा शाखालाई दरबन्दी कटौती र शिक्षक सरुवा गर्न सिफारिस गरेको दस्तावेजले देखाउँछ।

शिक्षक घिमिरेको मागबारे शिक्षकहरुको सल्लाह र सुझावका लागि प्रावि तहका प्रअ कृष्णप्रसाद दाहालको अध्यक्षतामा बैठक बसेको भएपनि घिमिरेका पक्षमा शिक्षकले धारणा राखेपछि प्रअ दाहालले उक्त बैठकको निर्णय पुस्तिकामा हस्ताक्षर देखिँदैन।

विद्यालय व्यवस्थापन समिति समक्ष पेश गरिएको निर्णय साथै राय विपरीत विद्यालय व्यवस्थापन समितिले विद्यालयको दरबन्दीसहित कट्ट गर्ने निर्णय शिक्षा ऐन, नियमावली र निर्देशिका विपरीत भएको नेपाल शिक्षक संघ हल्दिबारीले ठहर गरेको ज्ञापन पत्रमा उल्लेख छ।

उक्त विद्यालयमा कार्यरत घिमिरे माविको उच्च तहको एकमात्र शिक्षक रहेको दावी गर्दै शिक्षक संघले घिमिरेलाई प्रधानाध्यापक नियुक्ति गर्न निर्देशनात्मक आदेश समेत दिन गाउँपालिका समक्ष माग गरेको छ। नेपाल शिक्षक संघ हल्दिबारीका अध्यक्ष कृष्णप्रसाद बन र सचिव नरनाथ राजवंशीले हस्ताक्षर गरेको ज्ञापन पत्रमा निर्णय नसच्चिए आन्दोलनको अवस्था आउन सक्नेतर्फ ध्यानाकर्षण गराउँदै भनिएको छ- 'शिक्षक, अभिभावक, विद्यार्थी लगायत सरोकारवालाको हित प्रचलित ऐन, नियम तथा निर्देशिका विपरीत गरिएको निर्णयको विरोधमा आगामी थप कार्यक्रमहरु तय गरी बाध्यात्मक रुपमा आन्दोलन गर्ने अवस्था श्रृजना हुने भएकोले आन्दोलनबाट उत्पन्न हुने शैक्षिक क्षति तथा विद्यार्थी तथा अभिभावकमा गर्ने हानी नोक्सानीको जवाफदेहीताको जिम्मा यस निकायले लिनुपर्नेछ।'

आफ्ना मान्छेको इच्छा पूरा गर्न नीति नियमको कुनै वास्तै नगर्ने गरेको शिक्षक बोधकृष्ण पौडेलले बताए। विद्यालय भित्रको वेथिति बाहिर लगेमा सन्देश राम्रो नजाने भन्दै चुप लागेर बस्दा बस्दै नीति नियम, ऐन कानून विपरीत मनपरी हुन थालेको नाम नखोल्ने शर्तमा अर्का एक शिक्षकले बताए।

लक्ष्मी माविको प्रअको दावी गर्दै नियुक्ति माग्ने घिमिरे मावि दरबन्दीका तृतीय श्रेष्णीका एकमात्र शिक्षक हुन् भने हालका प्रअ कृष्णप्रसाद बन प्रावि तहका हुन्। त्यसै गरी विद्यालय व्यवस्थापन समितिले माग गरेका पोखरेल आधारभूत तहका शिक्षक हुन्।

## चुलाचुलीमा ...

मिनिटेलर १ लगायतका सामग्री वितरण गरिएको ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देवाले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति इलामका सभापति गणेश बराल, १ नम्वर प्रदेशका सांसद धीरेन्द्र शर्मा (रमण) र काजीमान कागते लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा जग्गादाता गणेश फागो, कृषि प्रविधिक टंक कट्टेललाई सम्मान गरिएको थियो। कार्यक्रममा उन्नत धान ब्लक आयोजना अन्तर्गत सुरेन्द्र भट्टराई, घनश्याम गौतम, जमुना ढकाल र मकै सघनवाली विकास आयोजनातर्फ गोविन्द कार्की, गंगा राई, सन्तोस तुम्वापो लगायतका उत्कृष्ट कृषकलाई कृषि औजार वितरण गरिएको थियो। कार्यक्रम धान ब्लक आयोजना का अध्यक्ष तिलोचन गौतम र मकै सघन वाली विकास आयोजनाका अध्यक्ष लालबहादुर कार्कीको अध्यतामा भएको थियो। कार्यक्रममा मकै सघनवाली विकास आयोजनाका उपाध्यक्ष विष्णुमाया सिटौलाले स्वागत मन्तव्य राखेकी थिइन् भने सचिव सन्तोस थाम्सुहाङले कार्यक्रम सञ्चालन गरेका थिए।

## झापामा ...

अनुसार आर्थिक २०७६/०७७ मा एकसय ३२ पुरुष र ९१ जना महिलाले आत्महत्या गरेका छन्। चालूआर्थिक वर्ष २०७७/०७८ को फागुनसम्ममा एक सय १२ पुरुष र ५८ जना महिलाले आत्महत्या गरेको प्रहरीले जनाएको छ। चालू आर्थिक वर्षमा आत्महत्या गर्नेमध्ये ६६ प्रतिशत पुरुष रहेका छन्।

आत्महत्या गर्नेमा १८-२५ वर्ष उमेर समूहका किशोर-किशोरी रहेको प्रहरी नायब उपरीक्षक थापाले जानकारी दिए। १८ वर्षमुनिका बालकालिका र ६० वर्षमाथिका वृद्धवृद्धाले समेत गरेको प्रहरी तथ्याङ्कमा उल्लेख गरिएको छ।

## टिपरको ...

नम्बरको टिपरले ठक्कर दिँदा मोटरसाइकलमा सवार कोइरालाको मृत्यु भएको प्रहरीले जनाएको छ। सोही मोटरसाईकलमा सवार रतुवामाइ-८ का २३ बर्षका निरन बस्नेत र १८ बर्षका हर्षित बास्तोला गम्भीर घाइते भएका छन्। उनीहरुलाई थप उपचारका लागि वीएण्डसी अस्पताल लगिएको छ।

त्यस्तै पूर्वबाट पश्चिम जाँदै गरेको अर्को को २८ प ११३३ नम्बरको मोटरसाइकल समेत ठोक्किँदा उर्लाबारी-८का ४० बर्षीय तुलाराम ढुंगाना र ८५ बर्षीय शिबलाल ढुंगाना घाइते भएका छन्। उनीहरुको दमकस्थित निम्स अस्पतालमा उपचार भइरहेको छ।


## कर्मचारी आवश्यकता

यस जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७७/१२/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, उक्त संस्थामा व्यवस्थापक पदको लागि व्यवस्थापकको पदपूर्तिका लागि तपसिलको योग्यता भएका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले ६ दिन यानिकी २०७७/१२/१३ भित्र दरखास्त आहवानको सूचना गरिदिनु हुन अनुरोध छ।

**पद :** व्यवस्थापक
**योग्यता :** स्नातकोत्तर
**कार्यअनुभव :** सहकारी वा बित्तीय संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव प्राप्त
**उमेर :** २० वर्ष पूरा गरी ३५ वर्ष ननाघेको
**तलव सुविधा :** आपसी सहमतिबाट तय गरिने
**अन्य सुविधा :** संस्थाको नियमानुसार
**नोट :** स्कुटर तथा मोटरसाइकलको लाईसेन्स प्राप्त भएको महिला प्रतिनिधिलाई विशेष प्राथमिकता
**आवेदन :** दस्तुर ५००/-
**सम्पर्क :** ०२३-५३५०५१, ०२३-५९०१९३



## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्द्‌ २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२



## कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा (१ नं. प्रदेश) नेपालको

## सर्भर खरिदका लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

मितिः २०७७/१२/०८

यसकमल गाउँपालिकाको लागि सिलबन्दी दरभाउपत्रको माध्यमबाट सर्भर खरिद गर्न इच्छुक इजाजत प्राप्त संस्था, फर्म, कम्पनीले देहाय बमोजिमको शर्तको अधिनमा रही फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर/भ्याट प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशन गरिएको मितिले १५ दिनभित्र पेश गर्ने गरी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

- दरभाउपत्र फारम शिलवन्दी गरी सूचना प्रकाशित भएको १५औं दिनको कार्यालय समय भित्र यस कार्यालयको राजश्व प्रशासन शाखाबाट रु १०००/- (एक हजार) तिरी खरिद गर्न सकिनेछ।
- दरभाउपत्र फारम पेश गर्दा सो साथ आफूले पेश गरेको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको एनएमवि बैंक केर्खा शाखामा रहेको धरौटी खाता नं. ०६४००५८१९६४०००८१ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरेको ७५ दिन म्याद भएको जमानत (वीड वण्ड) पेश गर्नुपर्नेछ।
- खरिद गरेको दरभाउपत्र फारम रितपूर्वक भरि शिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सोही दिनको २:०० बजे यस कार्यालयमा प्रतिनिधिको रोहबरमा खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
- दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- दरभाउपत्र फारम पेश गर्ने र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट अथवा कार्यालय खुलेको दिन अन्तिम म्याद मानिने छ। दरभाउपत्र खरिद गर्दा संस्थाको आधिकारिक व्यक्ति स्वयम् उपस्थित हुन वा अधिकार प्राप्त व्यक्तिले मात्र खरिद गर्न सक्नेछ।
- माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फारम एवं प्रचलित कानून अनुसार हुनेछ।
- विस्तृत जानकारीका लागि जिन्सी शाखामा सम्पर्क राख्न अथवा यस कार्यालयको वेवसाइट www.kamalmun.gov.np मा हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



## शोक संवाद



जन्म २०२१ भदौ १ — निधन २०७७ चैत ४

स्व. सुभाष मुरारका

अत्यन्त दु:खका साथ सूचित गर्दछौं कि हाम्रा प्रिय तथा आदरणीय **सुभाष मुरारका**को गत मिति २०७७ चैत ४ गते असामयिक परमधाम गमन भएको छ। वियोग र पीडाको यस घडीमा दिवंगत आत्माप्रति श्रद्धाञ्जलि व्यक्त गर्न निम्न मिति र समयमा निजी निवासमा स्मृति बैठक राखिएको जानकारी गराउन चाहन्छौं।

**समय :** ११ बजेदेखि ३ बजेसम्म **मिति :** २०७७ चैत ९ र १० गते
**स्थान :** निजी निवास मेचीनगर-१०, शान्ति टोल (ओम शान्ति छेउ, धुलाबारी चोक दक्षिण)

आमा : सरस्वती मुरारका पत्नी : सुनिता मुरारका
दाजुहरु : प्रभुदयाल, लक्ष्मण, भरत, राजेन्द्र
छोराहरु : आशिष र आयुष

एवम् **सम्पूर्ण मुरारका परिवार**
मेचीनगर-१०, धुलाबारी



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## कर्मचारी आवश्यकता

यस नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानलाई एक जना कम्प्युटर प्रशिक्षक चाहिएको हुनाले इच्छुक व्यक्तिहरुले निवेदन पेश गर्न आवश्यक यो सूचना प्रकाशन गरिएको छ।

**पद :** प्रशिक्षक **करार अवधि :** हाल लाई २ महिना
**संख्या :** एक जना **शैक्षिक योग्यता :**
१) CTEVT बाट कम्प्युटर विषयमा लेभल २ उत्तीर्ण/TSLC उत्तीर्ण/डिप्लोमा तह उत्तीर्ण वा २) CTEVT बाट IT बिषयमा प्रमाणपत्र तह उत्तीर्ण
**तलब :** आपसी समझदारीमा
**निवेदन दिने मितिः** २०७७/१२/०७ देखि २०७७/१२/०९ गते दिउँसो ४:०० बजेसम्म।
**अन्तरबार्ता मिति :** २०७७/१२/१० गते बिहान ७:०० बजे बाट।
**आवश्यक कागजातहरु :** निबेदन, बायोडाटा, नेपाली नागरीकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
**स्थान :** बिर्तामोड-४, झापा, पुरानो भद्रपूर रोड, आदर्श पार्टी प्यालेस छेउ।
**थप जानकारी (आवश्यक परे) :**
०२३-५९०८२३, ९८४२६२५३८१, ९८०५३०००४६



## आकर्षक फ्ल्याट भाडामा

बिर्तामोड शनिश्चरे रोडस्थित ३ **कोठामा एटेच बाथरुम, पार्टी हल, किचन,** लेण्डलाइन टेलिफोन, फिल्टर जडित खानेपानी, कम्पाउण्डवाल, पार्किङको सुविधासहित अफिस, सहकारी, मेडिकल ल्याव, रेष्टुरेण्ट, लज, कन्सल्टेन्सी, मेनपावर एजेन्सीहरुको लागि उपयुक्त फ्ल्याट भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**मो. ९८६३६०५२९२/९८०४९५९९२७**



## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA
पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०।




बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# सजगता र सतर्कता बढाऊ

**एक बर्षअघि शुरु भएको कारोना भाइरस महामारीको त्रास अझै कायम छ । यसबीचमा देशको सामाजिक, आर्थिक, शैक्षिक एवम् वाणिज्य क्षेत्रले ठूलो क्षति व्यहोर्नु रेको छ । झट्ट हेर्दा नेपालमा कोरोनाको त्रासदी समाप्त भएको अनुभूति हुन्छ । सडक, बजार, कार्यालय, शिक्षण संस्था मात्र होइन जनताका प्रतिनिधि, देशका प्रतिनिधिहरु नै स्वास्थ्यविद्हरुको सुझाव र चेतावनीका बाबजुद स्वास्थ्य सुरक्षाको मापदण्डको अवमानना गरिरहेका छन् । दिनहुँ जसो भइरहेको सत्तारुढ दलको गुटगत भेलाले पनि कोरोना त्रासलाई जितेको अनुभूति गराइरहेको छ । यसै समय छिमेकी देशमा कोरोनाको 'दोस्रो लहर' देखिएको छ । संक्रमण बढ्न थालेपछि कतिपय राज्यले सीमावर्ती क्षेत्रमा सतर्कता बढाउँदै हेल्थ डेस्कलाई सक्रिय बनाउन थालेका छन् ।**

**कोरोनाको महासंकटकैबीच स्वदेश फिरेका हजारौं नेपालीहरु भारत फर्किए । देशमा जीवन निर्वाह गर्नै नसक्ने अवस्थामा 'जे–जे होला' भनी फर्किएका नेपालीको आवत–जावतको क्रम अझै रोकिएको छैन । पर्याप्त परीक्षण नहुँदा आवश्यक स्वास्थ्य सेवाको पहुँच नभएर वा विश्वासयोग्य परीक्षणशालाकै अभावकाबीच गरिएको परीक्षणमा कोरोना संक्रमितको संख्या पौने तीन लाख नाघिसकेको छ । अहिले संक्रमण घटेको ठानिए पनि दिनहुँ सय जनाभन्दा बढी संक्रमित थपिने क्रममा छन् । भरपर्दो स्वास्थ्य सेवाको अनुपलब्धता र उपचार नै नभएकावले 'रोगसँग लड्ने' मानसकिता बढ्दै गरेका कारण लक्षण देखिएर पनि परीक्षण नगराउने क्रम पनि त्यति कै बढ्दै गएको छ । यद्यपि अहिले पनि कोरोना संक्रमितलाई सघन उपचार कक्षमा राखेर उपचार गरिँदै आएको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रवक्ता डा. अनुप बाँस्तोलाले बताएका छन् ।**

**बैश्विक संकटका रुपमा विद्यमान कोरोना महामारी अझै विश्वकै लागि त्रासदी बनिरहेको छ । यस्तो अवस्थामा नेपालले उच्च सतर्कता अपनाउन अग्रसरता देखाउनु पर्दछ । खुल्ला सीमानाका कारण सीमा क्षेत्रमा आउजाउ पूर्णत: रोक लाग्न सक्दैन, यद्यपि धेरै नाका खुल्ला गरिएको छैन । यस्तोमा भारतमा शुरु भएको आशंका गरिएको कोरोनाको दोस्रो लहर नेपाल प्रवेश गर्ने जोखिम उच्च रहन्छ । त्यसैले सीमा नाकामा कडाई गर्नु, स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्णरुपले कार्यान्वयन गर्नु/गराउनु, क्वारेन्टिन लगायतका सतर्कतामा सरकार गम्भीर हुनै पर्छ । भारतको महाराष्ट्र, मध्यप्रदेश, गुजरात राज्यहरुमा कोरोना भाइरस संक्रमण फैलिने क्रम बढेको त्यहाँका अधिकारीहरुले बताउन थालेका छन् । ती लगायत भारतका विभिन्न राज्यहरुमा रहेको नेपालीहरु घर फिर्ने सम्भावनाका कारण नेपाल सरकारले पनि जोखिमको सामना गर्ने कार्ययोजना ल्याउन ढिलाइ गर्नु हुँदैन । सँगै सरकारमा सामेल व्यक्ति, भीडभाडयुक्त ठाउँहरु, सडक, बजार, सवारी, शिक्षण संस्था आदिमा पूर्ववत् सावधानी अपनाउनु पर्छ । अन्यथा हाम्रो जीवन असुरक्षित रहन सक्छ ।**

# अनियन्त्रित आगलागी र रोकथामका उपाय



नारायणप्रसाद पौडेल

वन डढेको सबैले देख्छन्, मन डढेको कसैले देख्दैनन्, भन्ने विरही गीत अब कहिल्यै सुन्न नपरोस् । पीडितका मनको आगो निभाउने काम लोकतन्त्रले गरोस् भन्ने चाहना थियो सबैको । तर, लोभतन्त्रमा परिणत गरिँदा आगलागी पीडितहरू मात्रै हैन, बाढी र पहिरो, डुबान र कटान, शीतलहर र भूकम्प आदि प्रकोपपीडितको विवादरहीत तरिकाले उपकार हुन नसकेको गुनासो सुन्न परेकै छ सधैँ । हरेक वर्ष उही समय र मौसममा पीडितबाट उस्तै पीडा पोखेको सुन्न र देख्नपर्दा मन कुँडिन्छ । तन दुख्छ र कुटुकुटु मुटु खान्छ ।

मिरिङ्देन गाउँपालिका–८, खाम्लुङ दोभानमा यही फागुन १८ गते लागेको आगोले ४९ घर जलेर नष्ट भएसँगै ५५ परिवार विस्थापित हुन पुगे ताप्लेजुङमा । सोही दिन लागेको अर्को आगोले यशोधरा गाउँपालिका–८, बाँसखोर कपिलवस्तुका ६ घर जले, ती घरमा बस्ने सवै परिवार बिचल्लीमा परे । उक्त दिन अरू जिल्लाका विभिन्न ठाउँमा पनि भए होलान् आगलागी र विस्थापित हुनपरेको पनि हुन सक्छ । असारसम्म हरेक दिन यस्तै आगलागीका दुःखद् घटना सुन्नुपर्छ । यस्तो सुन्न र देख्न नपर्ने अवस्थामा कहिले पुगिन्छ, नियन्त्रण गर्न कसरी सकिन्छ ? चित्तबुझ्दो जवाफ कसले दिन्छ ?

गर्मी बढेसँगै मौसम परिवर्तन हुँदैछ । प्रि–मनसुन शुरु भएको भनिँदै छ- अंग्रेजी महिनाको मार्च १ तारिखपछि । तीन महिनासम्म चल्छ भनिन्छ र मानिन्छ पनि । हावाहुरी र आँधीसँगै आगलागीका घटना बढ्छन् अब । खर र परालले छाएका, झासझुसले बारेका फुसका घर सानै झिल्काले पनि डढ्छन् र विपन्न परिवार बिचल्लीमा पर्छन् । चारपाङ्ग्रे गाडी पुग्न सक्ने तराई/मधेश र पहाडका सडक किनारका घर/गोठ जोगाउन दमकल पुगे पनि दूरदराज गाउँ–ठाउँमा पुग्दैनन् । दमकल लैजान मिल्नेखालका बाटै छैनन्/हुँदैनन्, पुराना बजारका गल्लीमा भने कुनाकाप्चामा त पुग्नै सक्दैनन् । पुगिहाले पनि जान लाग्ने समयसम्म सखाप पारिसकेको हुन्छ आगोले । आगो निभाउनका लागि मान्छेकै भर पर्नुपर्छ । तर, चाहिनेजति मान्छे पाउन मुस्किल छ अचेल । मुग्लान पस्ने र खाडी मुलुकतिर लाग्नेको लर्कोले रित्तै छन्- धेरैजसो गाउँबस्ती । खोजेजति जन्ती र मलामी पाउन पनि मुस्किल छ । जो छन् गाउँमा, तिनीहरूले गाह्रो-साह्रोबाट उम्काउन र मानव एवम् प्राकृतिक प्रकोपबाट पार लगाउन सक्दैनन् । अशक्त, बालबालिका र वृद्धवृद्धामात्रै हुन्छन्- अधिकांश ठाउँमा । प्रविधिको पहुँच सबै ठाउँमा पुगेको छैन । झुप्रा र छाप्राको बास सुरक्षित मानिदैन त्यसैले ।

धेरै पालिकाले जस्तापाता वितरण गर्ने अभियान चलाएका छन् । जस्तापाता नपाएकाको विपद् र विरह आफ्नै ठाउँमा छ । पाएका विपन्नको गुनासो छ- अलि बलियो र सुरक्षित घर बनाउन चाहिने काठ (दार), काँटी र किला छैनन्, भएकाले सित्तैमा दिँदैनन्, टिनका पाता पाएरमात्र के गर्नु । टोक्नु कि त्यसैमा टाउको ठोक्नु, मनको वह कोसँग पोख्नु ?'

नेपालका राजनीतिक दलहरूलाई लाग्ने गरेको आरोप हो- लोकतन्त्र ल्याउन सक्ने, सरकार बनाउन र चलाउन पनि सक्ने, तर लोकतान्त्रिक आचरण र व्यवहार अपनाउन नसकेर जनतालाई सेवा पुऱ्याउनबाट चुक्ने ।' सत्ता पक्षलाई मात्रै सरापेर उम्कन मिल्दैन विपक्षमा रहेका दलहरू । पालैपालो सत्तासुख नभोगेको कोही छैन, प्रतिबन्धितसहितका केही स-साना दलबाहेक । यसपालिको गर्मीमा पनि पुरानै कुरा दोहोऱ्याउन नपरोस्- आगलागीका घटना पोहोर-परारभन्दा यसपालि बढी भए, विपन्नले धेरै दुःख पाए, राहतजति पहुँच पुगेकाले लगेर खाए, वास्तविक आगलागीपीडित बेसहारा भए भन्ने अवस्था नआओस् । प्रधानमन्त्रीको प्रतिबद्धता पूरा गर्न र आफैँ लोकप्रिय बन्नका लागि पनि पराल र खरका छाना भएका घरलाई टीन/जस्तापाताले छाउन सक्ने बनाउन सबै पालिका लागि परून् । सबै राजनीतिक दलले सघाऊन् । जनताको सेवा गर्ने विषयमा कसैले अवरोध नगरून् र दलीय विवाद नदेखाऊन् ।



सम्भव हुन्छ भने जनताको सेवामा अहोरात्र खट्ने, डट्ने र जस्तै परे पनि पछि नहट्ने, भनेका बेलामा जुट्ने सर्वदलीय संयन्त्र बनाऊन् । खर र परालका छाना भएका गाउँटोलका कुनाकाप्चाका विपन्न बस्तीमा पुगेर, आवश्यक पर्ने काठ, किला, काँटी आफैँले लगेर, राजनीतिक दलका प्रतिनिधिले जस्तापाताले छाइदिएर स्याबासी पाऊन् । आगलागीका समस्या अलिकति भए पनि त्यसरी हटाऊन्, टाढा पठाऊन् । पालिका र दलहरू छँदाछँदै विदेशी दातृनिकायका लागि गुप्तचरी गर्ने आरोप लागेका गैरसरकारी संघ-संस्था नगुहारून्, गुहार्न नपारून् । दातृनिकायबाट पाइने, आउने सहयोगको सदुपयोग भएको देख्न पाइयोस् । दुरुपयोग गरेका खबर लेख्न र सुन्न नपरोस् । दैवीप्रकोप उद्धार समितिले पनि विवाद नआउने, सबैबाट स्याबासी पाउने काम गरोस् । राहत पाउनेले मात्रै हैन, छेउकिनारमा बसेर हेर्नेले पनि राम्रै काम गरे भनोस् । अन्तरात्माबाटै धन्यवाद दिएर प्रशंसा गरोस् ।

सहर बजारमा हुने आगलागीका घटनामा विद्युतीय उपकरणको घर्षण, नाङ्गा तारको छेकबार नगरिनु र चट्याङले धेरै प्रतिशत ओगटेको पाइएला । गाउँघरमा हुने आगलागी मानवीय कमजोरी, असावधानी र असुरक्षित आवासका कारणले गर्दा हो । कतिपय ठाउँमा त बदलाको भावनाले पनि काम गरेको देखिन्छ । हुलदङ्गा हुँदा, जातीय, क्षेत्रीय, भौगोलिक, भाषिक, धार्मिक, साँस्कृतिक र साम्प्रदायिक द्वन्द्व चर्किंदा पनि आक्रोशित भीडले आवेगमा आएर आगो लगाउने गर्छन् । त्यस्ता तत्त्वलाई उचाल्ने काम दलहरूले गरेका भेटिन्छन् ।

वनको डढेलो गाउँ पसेर पनि किनारका बस्ती सखाप पारेको भेटिन्छ । घाँस, दाउरा खोज्न र गाई, भैँसी, भेडा, बाख्रा, चराउन जाने अम्मलीले ननिभाइर्कन फालेका चुरोट र बिँडीका ठुँडाले पनि ठूलै विपत निम्त्याउने गरेको छ । यस्ता विषयमा सिङ्गै समाजलाई सम्झाउने, बुझाउने र नियन्त्रण गर्न लगाउने काममा कमी हुन गएको छ । डढेलो रोक्ने अभियान पनि चलेका त छन् तर आगलागी नरोकिँदा, वर्षैपिच्छै उस्तै विपत दोहोरिँदा, अलि नयाँ तरिकाले सोच्ने र राम्रो नतिजा निस्कनेगरी काम थाल्दा उपलब्धि हात लाग्छ कि ?

हावाहुरी चल्न र आगलागी हुन मत्थर भएर वर्षा सुरु भएसँगै डुबान, कटान, बाढीपहिरोपछि फेरि शीतलहरको समस्या आउँछ । आउँछ भन्ने कुरा थाहा छ सबैलाई । स्थायी पिरलो हो सधैँको । पूर्वजानकारी भएको विषय हुनाले राम्रै तरिकाले पूर्वतयारी गरियोस् यसपालि । उद्धार र राहतमा बदमासी हुने विगतको दुःखद् स्थिति नदोहोऱ्याउन समयमै पहल गरियोस् । कोरोना भाइरसको महामारीका समयमा भएको बन्दाबन्दीका बेला वितरीत उद्धार र राहतले झन् धेरै आहत पारेको आरोप लागेको हो ।

त्यस्तै आरोप आउने बाटो बन्द गर्ने काम अहिल्यैबाट थालियोस् । आरोपलाई बिरोधीले लगाएको, राजनीतिक रङ भरेको, आफू र आफ्ना मान्छेले नपाएपछि आक्रोश पोखेको र रफ्फु भरेको भनेर उम्कने चलन छ । आत्मरतिका लागि त्यस्तो भन्न त सकिएला । तर, चोट खाएका/पाएका मान्छेले लगाएको खोटलाई निराधार भन्न सकिन्न ।

भौगोलिक, धार्मिक, भाषिक, साँस्कृतिक विविधतायुक्त समाजमा आरोपमुक्त मान्छे पाउन दुर्लभ होला । दलीय राजनीतिले आरोपको उपयोग गर्न प्रोत्साहन पनि गर्ला । विद्यमान अवस्था र व्यवस्थामा समयानुकूल हरेक प्रकारका समाजसँग घुलमिल एवम् संयोजित भएर रहन अभ्यस्त हुनपर्ला । हरेक समयमा हुने प्राकृतिक एवम् मानवनिर्मित वा सिर्जित विपत्तिले उन्मुक्तिका अवसर पनि लिएर आएका हुन्छन् ।

समस्याले नै समाधानका उपाय सिकाउँछन् । आवश्यकता नै आविष्कारको जननी हो, त्यसै भनिएको हैन, छैन । आगलागीबाट उम्कने उपाय छन् तर सबै मिलेर सहकार्य गरी खोजी गर्नुपर्छ । पीडितका पीडा हटाउन पनि सकिन्छ । परोपकारप्रति प्रतिबद्ध हुने हो र सबै लागीपर्ने हो भने समाधान गर्न नसकिने समस्या हैन आगलागी । दीर्घकालीन तरिकाले समाधान गर्न छाडेर भागीभागी र मागीमागी समय गुजार्ने र झारा टार्ने हो भने अर्को साल पनि फेरि उस्तैगरी दोहोरिनेछ यस्तो । सत्ता, भत्ता र दलभित्रको आगलागीले शासकका आसनमा असर गर्ला । गाउँ र सहरका झुप्रा र वनमा लागेको आगोले हाम्रो दुरावस्थाको दर्दनाक चित्र र चरित्र प्रस्तुत गरेको छ । गोप

## प्रेस संगठन झापाको संयोजकमा रेग्मी, वार्ता समितिको संयोजकमा लामिछाने

**सुरुङ्गा, चैत ७।** प्रेस संगठन झापाको संयोजकमा झुलन रेग्मी चयन भएका छन् ।

शनिवार सुरुङ्गामा भएको संगठनका केन्द्रीय सदस्य, प्रदेश समिति सदस्य तथा जिल्ला पदाधिकारीको भेलाले सह-संयोजकमा रहेका रेग्मीलाई संयोजकको जिम्मेवारी दिने निर्णय गरेको हो ।

संगठनलाई थप चलायमान बनाउनका लागि नेतृत्व चयन गर्दै रणनीतिक योजना बनाएर अघि बढ्ने समेत भेलाले निर्णय गरेको छ । भेलाले चैत्र २५ गते हुन गइरहेको नेपाल पत्रकार महासंघको तीन तहको निर्वाचनका लागि झापाको हकमा महासंघमा



झुलन रेग्मी



विमल लामिछाने

सर्वसम्मत नेतृत्व चयनका लागि पहल गर्ने समिति चयन गरेको छ ।

उक्त समितिले अन्य संगठनहरुसँग तालमेलका लागि सम्वाद गर्न र प्रेस संगठन झापाका उम्मेद्वार छनोट गर्न भूमिका निर्वाह गर्नेछ । त्यसका लागि केन्द्रीय सदस्य बिमल लामिछानेको संयोजकत्वमा दयाराम दाहाल, तारामणि सापकोटा, झुलन रेग्मी र उद्धव पुरी सदस्य रहेको पाँच सदस्यीय निर्वाचन परिचालन समिति समेत गठन गरेको छ । उक्त समितिले महासंघको निर्वाचनका लागि सर्वसम्मत ढङ्गबाट नेतृत्व चयन गराउन अन्य संगठनसँग सम्वाद, सहमति र सहकार्यलाई प्राथमिकतामा राख्ने सचिव पुरीले जानकारी दिए ।

## वाईसीएल झापाको इञ्चार्जमा आचार्य, संयोजकमा रिमाल

**दमक, चैत ७।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को सहायक संगठन योङ कम्युनिष्ट लिग (वाईसीएल) नेपालले संगठन पुननिर्माणलाई तीब्रता दिने निर्णय गरेको छ ।

संगठनमा जिम्मेवारी बाँडफाँडसहित संगठन पुनर्निर्माणका लागि तालिका सार्वजनिक गरेको हो ।

चैत्र ३ गते बसेको पदाधिकारी बैठक तथा ४ र ५ गते बसेको केन्द्रीय कमिटीको चौथो पूर्ण बैठकद्वारा चैत्र महिनाभित्र सदस्यता वितरण गर्ने, बैशाख महिनाभित्र स्थानीय तहदेखि जिल्लाका भेलाहरु सम्पन्न गर्ने, आगामी २०७८ जेठ महिनाको २० गतेभित्र प्रदेश भेलाहरु सम्पन्न गरि जेठ २८, २९ र ३० गते काठमाडौंमा राष्ट्रिय भेला गर्ने निर्णय गरेको वाईसीएलका केन्द्रीय सदस्य तथा प्रदेश संयोजक कर्म पूलामीले जानकारी दिए ।

त्यस्तै १४ वटै जिल्लामा इञ्चार्ज तथा संयोजकहरु तोकेको छ । बैठकले झापा इञ्चार्जमा कुमार आचार्य र संयोजकमा दधि रिमाल, ताप्लेजुङको इञ्चार्जमा राजन लिम्बू, संयोजकमा सुजन लिम्बू, पाँचथर जिल्ला इञ्चार्जमा दिलकुमार नेम्वाङ चोलुङ, संयोजकमा बिक्रम शंक, इलाम इञ्चार्जमा ताराबाबु सुबेदी संयोजकमा बिक्रमबाबू फियाक, मोरङ इञ्चार्जमा खगेन्द्र सुबेदी र संयोजकमा शंकर भट्टराईलाई जिम्मेवारी तोकेको छ ।

त्यसैगरी सुनसरी इञ्चार्जमा हरि लिम्बू, संयोजकमा भुवन याक्खा, धनकुटामा संयोजक डीबी तामाङ, तेह्रथुम इञ्चार्जमा छिरिङ भोटे र संयोजकमा कुमार लिम्बू, संखुवासभा इञ्चार्जमा पृथक कुमार पाठक, संयोजकमा अनिल राई, भोजपुर इञ्चार्जमा सुरेन्द्र राई र संयोजकमा करण राई, ओखलढुंगा इञ्चार्जमा सन्तोष मगर र संयोजकमा छवि धमला, खोटाङ इञ्चार्जमा राजु बिक्रम राई र संयोजकमा शरद राई तथा सोलुखम्बू इञ्चार्जमा हेमचन्द्र राई र संयोजकमा देव बस्नेतलाई जिम्मेवारी सुम्पिएको छ ।

## भद्रपुरमा कवड्डी प्रतियोगिताको तयारी

**भद्रपुर, चैत ७।** भद्रपुरस्थित मेची रङ्गशालामा प्रथम मेयर कप वडा स्तरीय नकआउट कबड्डी प्रतियोगिताको तयारी गरिएको छ ।

नगरका १० वटा वडाबाटै पुरुष र महिलातर्फका छुट्टाछुट्टै कबड्डी प्रतियोगिता एकैसाथ सञ्चालन गर्न लागिएको हो । चैत ९ गतेदेखि १३ गतेसम्म सञ्चालन हुने कबड्डी प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको आयोजक समितिले जनाएको छ ।

प्रतियोगिता सञ्चालनका लागि २ लाख ६० हजार खर्च हुने कार्यक्रम संयोजक तथा कबड्डी प्रशिक्षक रतिया राजवंशीले बताए । नगरका १० वटा वडाबाट पुरुष र महिला गरी २० वटा टिमले भाग लिने छ । एउटा टिममा १० जना खेलाडी हुनेछ । त्यसमा ७ जना खेलाडी मैदानमा उत्रिने उनले बताए । महिलातर्फ ७५ केजी र पुरुषतर्फ ८० केजी तौल समूहका खेलाडीले भाग लिन पाउने जनाइएको छ ।



महिला तथा पुरुष दुवैतर्फ विजेता हुने टिमलाई नगद २० /२० हजार र उपविजेता टिमलाई १०/१० हजार नगदसहित शिल्ड तथा मेडलले पुरस्कृत गरिनेछ । तेस्रो हुने टिमलाई नगद ५/५ हजार प्रदान गरिने उनले बताए । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कबड्डी प्रतियोगितामा भाग लिएका नगरका पूर्व खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान पनि गरिने उनको भनाइ छ ।

नगर खेलकुद विकास समितिका अध्यक्ष श्याम रावतको अध्यक्षता तथा भद्रपुरका मेयर जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कबड्डी प्रशिक्षक रतिया राजवंशी, नगर शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रेमबहादुर भुजेल लगायतले बोलेका थिए ।

'खेलकुद हाम्रो शान, स्थानीय खेलाडी उत्पादन हाम्रो अभियान, भन्ने उद्देश्यका साथ भद्रपुर नगरपालिकाको आर्थिक सहयोगमा नगर खेलकुद विकास समितिले विभिन्न प्रतियोगिताहरू सञ्चालन गर्दै आइरहेका छन् । समितिले वैशाख १ गते नयाँ वर्षको अवसरमा भद्रपुर महिला तथा पुरुषतर्फ खुला दौड प्रतियोगिता समेत गर्न लागेको बताइएको छ ।

## खो-खो खेलाडी मेचे सम्मानित

**बिर्तामोड, चैत ७।** स्यालडाँगी घण्टीबारी युथ क्लव बिर्तामोड-६ले खो-खो खेलाडी बिर्तामोड-६ निवासी कुशल मेचेलाई सम्मान गरेको छ ।

दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) अन्तर्गत भएको खो-खो खेलमा कास्य पदक प्राप्त गरी झापा तथा बिर्तामोड-६को गौरव वढाएको भन्दै खो-खो खेलाडी मेचेलाई सम्मान गरेको क्लवले जनाएको छ । स्यालडाँगी घण्टीबारी युथ क्लवका अध्यक्ष नवराज मेचेको अध्यक्षता तथा बिर्तामोड-६का वडाध्यक्ष सूर्यप्रसाद कन्दङवाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा देवी तक्षिला टोल समितिका अध्यक्ष अर्जुन खवासले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष कन्दङवाले खो-खो खेलाडी मेचेलाई नगद १२ हजार र सम्मान-पत्र प्रदान गरेका थिए । कार्यक्रममा बिर्तामोड-६का वडासदस्यहरु एलवीन्द्र खत्री, पर्शुराम खनाल, पवित्रा कोइराला ढुंगाना, झापा जिल्ला फुटवल संघका सदस्य आशिष वन, देवी क्याम्पस बिर्तामोडका क्याम्पस प्रमुख लेखनाथ भट्टराईं, एभरेष्ट स्मार्ट स्कूलका प्रिन्सिपल आशिष प्रसाईं, तविलवाडी टोलका अध्यक्ष विरेन मेचे, सुन्दर नगर टोल समितिका अध्यक्ष हरि दियाली, शितलनगर टोल समितिका सचिव हेम पोखरेल, नायक सुवास मेचे, नेपाल विद्यार्थी संघ बिर्तामोड नगर सभापति योगेन थापालगायतले शुभकामना दिएका थिए ।



कार्यक्रमको सञ्चालन स्यालडाँगी घण्टीबारी युथ क्लवका सचिव अजय चौधरीले गरेका थिए ।

# पाँचदशकपछि मेचीपारि झिलिमिली

**लक्ष्मी उप्रेती**



**मेचीनगर, चैत ७।** झापाको मेचीनगर-१५ मेचीपारिको गाउँमा पाँच दशकपछि विद्युत् विस्तार भएको छ।

घर-घरमा बत्ती बल्न थालेपछि स्थानीयवासीको घरमात्र होइन अनुहार नै उज्यालो भएको छ। बत्ती बलेसँगै आर्थिक अभावकै कारण लामो समयदेखि अन्धकारमा बस्न बाध्य यहाँका बासिन्दाको उज्यालोमा बस्ने सपना ढिलै भए पनि पूरा भएकोमा उनीहरुले खुशीले व्यक्त गरेका छन्।

मेचीनगर नगरपालिका र नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र भद्रपुरको लामो प्रयासपछि सो गाउँमा बत्ती बलेको हो। मेचीपारि ग्वाल, सिसौडाँगी र झारु गरी तीनवटा वस्ती रहेका छन्। अहिले ग्वालबस्तीमा विद्युत विस्तार भए पनि तत्कालै तीनवटै बस्तीमा बत्ती पुग्ने मेचीनगर नगरपालिकाले जनाएको छ।

मेचीनगर नगरपालिकाका प्रमुख बिमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र भद्रपुरका प्रमुख इञ्जिनियर सञ्जिवकुमार यादवले संयुक्त रुपमा मेचीपारि ग्वाल बस्ती विद्युत् बत्तीको समुद्घाटन गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका नगरप्रमुख आचार्यले यो वस्तीमा स्थानीय सरकारले विद्युत् विस्तारको प्रक्रिया नगरपालिकामा जनप्रतिनिधिहरु आए लगत्तै शुरु गरे पनि मेचीनदीका कारण तत्काल यो काम अघि बढ्न नसकेको बताए। उनले मेची नदीले पोलमा क्षति पुरयाउने, बगाएर लैजाने समस्याका कारणले समयमै काम नभए पनि नगरपालिका र नेपाल विद्युत् प्राधिकरण भद्रपुर यस बस्तीमा विद्युत् विस्तार गर्ने कुरामा सहकार्य गर्दै अघि बढिरहेको र त्यसैको परिणाम स्वरुप ढिलै भए पनि विद्युत् विस्तार भएर घर गाउँ नै झलमल्ल भएकोमा खुशी व्यक्त गरे।

उनले बाँकी दुईवटा सिसौडाँगी र झारु बस्तीमा छिट्टै बत्ती बाल्ने आश्वासन दिए। हरेक मानिसले स्वास्थ्य, शिक्षा लगायतका आधारभूत आवश्यकता सजिलै प्राप्त गर्नुपर्ने भन्दै नगरप्रमुख आचार्यले ठूल्ठूला रोग लाग्दा समयमै उपचार नपाउने यहाँका स्थानीयवासी सामान्य रोग लग्दासम्म उनीहरुले भनेको औषधि खान नपाउने अवस्थाको अन्त्य गर्ने बताए।

निक्कै विकट र दुर्गम ठाउँका मानिसहरुले एउटा सिटामोलसम्म किन्नका लागि १२ किलोमिटरको दुरी तय गर्नुपर्ने बाध्यता रहेको सोही वडाका वडा सदस्य वृखलाल राजवंशीको भनाइ छ।

कार्यक्रममा उपप्रमुख मीना पोखरेल उप्रेतीले यो बस्ती मेचीपारि भएकाले यो ठाउँ पनि नेपाल हो के भन्ने अवस्थामा रहेको र साँच्चै यो बस्ती नेपाल र यहाँ बस्ने सवै नेपाली हुन् भन्ने अनुभूति दिलाउन पनि यस क्षेत्रमा विद्युत् विस्तार गरिएको बताइन्। अत्यन्तै निम्न आय भएका यादव, पाहन सन्थाल समुदायको बसोबास रहेको यो गाउँ विकट भए पनि अब क्रमशः यहाँ विकासको फड्को मार्ने उनले बताइन्।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र भद्रपुरका प्रमुख इञ्जिनियर सञ्जिवकुमार यादवले यहाँको विद्युत्को समस्याका बारेमा नगरपालिकाले आफूलाई जानकारी गराए लगत्तै समस्या हल गर्न सक्रिय रुपमा लागि परेको बताए। तत्कालै आफूले यो क्षेत्रको साइड हेरेर सम्बन्धित वडाध्यक्षसँग परामर्श गरेर विद्युत् विस्तार गर्न लागीपरे पनि निक्कै समस्या झेल्नु परेको उनको भनाइ छ। हाल जम्मा १६ घरमा मिटर उपलब्ध गराएको र अत्यन्तै निम्न आय भएका र विपन्न मानिसको बसोबास भएकाले कार्यालयले निःशुल्क रुपमा विद्युत्को मिटर उपलब्ध गराएको उनको भनाइ छ। जग्गा नहुनेलाई सामान्य १ हजार रुपैयाँ धरौटीकारुपमा लिएको उनले बताए। मेचीनगर नगरपालिकाले प्राधिकरणलाई यति सहयोग नगरेको भए यति चाडै यो वस्तीमा बत्ती बल्ने अवस्था नभएको उनले प्रष्ट पारे। अहिले एउटा क्षेत्रमा मात्र विद्युत् विस्तार भएपनि केही दिनमा सवै क्षेत्रमा बत्ती पुग्ने उनले बताए।

ग्वाल बस्ती विकास संस्थाका अध्यक्ष अमन यादवले ढिलै भए पनि आफ्नो गाउँमा विद्युत् विस्तार भएकोमा खुशी व्यक्त गर्दै नगरपालिका र नेपाल विद्युत् प्राधिकरणलगायत सवैप्रति धन्यवाद ज्ञापन गरे। विकासका हरेक गतिविधिबाट पछि परेको मेचीनगरको १५ नम्बर वडाको मेचीपारिको गाउँमा ढिलै भए पनि बत्ती बलेकाले अन्य विकासका कामहरु, स्वास्थ्य, शिक्षा, खानेपानी, मेची नदीमा झोलुङ्गे पुलको व्यवस्था गरिदिन उनले स्थानीय सरकारसँग माग गरे। आर्थिक अभावकै कारण लामो समयदेखि अन्धकारमा बस्न बाँध्य यहाँका मानिसको भए पनि उज्यालोमा बस्ने सपना ढिलै भए पनि पूरा भएको प्रतिक्रिया उनको थियो।

वडानम्बर १५का वडाध्यक्ष गुणराज भट्टराईले कार्यक्रमको सभापतित्व गर्दै ग्वाल बस्तीमा १८, सिसौडाँगीमा १० र झारु वस्तीमा ८ गरी कूल ३६ घर रहे पनि अहिले ग्वाल बस्तीमा विद्युत् पुगेको र अब केही दिनै तीनैवटै वस्तीमा विद्युत् पुग्ने बताए।

कार्यक्रमको सञ्चालन मेचीनगर नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीले गरेका थिए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझा, १५ नम्बर वडाका जनप्रतिनिधिहरु, विभिन्न राजनैतिक दल, सरकारी, गैरसरकारी संघ-संस्थाका प्रमुख प्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

# बिरीङ खोलामा भेन्टेड कज्वे निर्माण शुभारम्भ



**बिर्तामोड, चैत ७।** अर्जुनधारा-४ र ५को शहीद राजन गिरी मार्गमा पर्ने बिरीङ्ग खोलामा भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनि पुल) मर्मत तथा निर्माण शुभारम्भ गरिएको छ।

बिरीङ्ग कज्वे मर्मत तथा नदी नियन्त्रण उपभोक्ता समिति अर्जुनधारा-४ले अर्जुनधारा नगरपालिका र स्थानीयवासीको आर्थिक तथा जनसहभागितामा अर्जुनधारा-४ र ५को शहीद राजन गिरी मार्गमा पर्ने बिरीङ्ग खोलामा भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) मर्मत तथा निर्माण शुभारम्भ गरेको हो।

भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) निर्माणको शुभारम्भ प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार रानाले गरे। उनले भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) निर्माणका लागि १५ लाख रुपैयाँ मूल्य बराबरको रड र सिमेन्ट उपलब्ध गराइने जानकारी दिए।

स्थानियवासिन्दाको सुख दुःखमा आफ्नो संधै साथ र सहयोग रहेको बताउँदै उनले त्यस स्थानमा पक्की पुल निर्माणका लागी पहल गर्ने आश्वासन दिए। बिरीङ्ग कज्वे मर्मत तथा नदी नियन्त्रण उपभोक्ता समिति अर्जुनधारा-४का अध्यक्ष तिलकजंग खड्का कल्याणले ४० लाख रुपैयाँको लागतमा भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) निर्माण गरिने बताए।

अर्जुनधारा नगरपालिका, अर्जुनधारा वडा नं. ४ र ५ र स्थानियवासीको आर्थिक तथा जनसहभागितामा भेन्टेड कज्वे ( बक्स कल्भर्ट/मिनी पुल) निर्माण गरिने उनले बताए।

भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) निर्माणका लागि खड्काको अध्यक्षतामा बिरीङ्ग कज्वे मर्मत तथा नदी नियन्त्रण उपभोक्ता समिति अर्जुनधारा-४ गठन गरिएको छ। समितिको सचिवमा खगेन्द्र कार्की, कोषाध्यक्षमा सरस्वती ढकाल रहेका छन् भने सदस्यहरुमा देवराज बुढाथोकी, अनिता राई, लालबहादुर भारती, तोया ओली रहेका छन्।

लक्ष्मिपुरदेखि पानीकल, बागेडाँगी, रातेखाल, तामाङ्ग चौक, बस्नेत चौतारी हुँदै मदनपुरसम्मका स्थानीयवासीको सक्रिय सहभागितामा भेन्टेड कज्वे (बक्स कल्भर्ट/मिनी पुल) निर्माण गरिने बताउँदै अध्यक्ष खड्काले सवैको सहभागितामा दुई महिनामा भेन्टेड कज्वे निर्माण सम्पन्न गरिने जानकारी दिए।

उक्त स्थानमा ठूलो पक्की पुल निर्माण गर्न लागीपरे पनि ठूलो पक्की पुल नबनुन्जेल चार/पाँच बर्षका लागि भेन्टेड कज्वेले दैनिक आवागमनलाई सहज र सुरक्षित गर्छ भन्नेमा आफू विश्वस्त रहेको उनले बताए।

कार्यक्रममा सहभागि अर्जुनधारा-४ का वडाध्यक्ष दुर्गाप्रसाद दाहाल, वडा नं. ५ का वडाध्यक्ष ध्यानबहादुर भारती, योजना अधिकृत हेमराज सेढाईं, कार्यपालिका सदस्य रमेश तीखत्री, संरक्षक केदारनाथ पराजुलीलगायतले भेन्टेड कजवे निर्माणमा सहयोग पुर्‍याउने बताएका थिए।

सोही कार्यक्रममा भेन्टेड कज्वे निर्माणमा सहयोग पुर्‍याउन भन्दै अध्यक्ष खड्काले बिरीङ्ग कज्वे मर्मत तथा नदी नियन्त्रण उपभोक्ता समिति अर्जुनधारा-४ लाई एक लाख रुपैयाँ प्रदान गरेका थिए। अर्जुनधारा नगरपालिकाका मेयर रानाको रोहवरमा निर्माण उपभोक्ता समितिकी कोषाध्यक्ष सरस्वती ढकाललाई एक लाख रुपैयाँको चेक हस्तान्तरण गरिएको थियो। कार्यक्रमको सञ्चालन निर्माण उपभोक्ता समितिका सदस्य देवराज बुढाथोकीले गरेका थिए।


**कर्मचारी आवश्यकता**

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

**महिला : १० जना उमेर : २० देखि ३० वर्ष**

**पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष**

**कार्यक्षेत्र : झापा जिल्लाभर**

**पर्फेक्ट सेक्युरिटी सेन्टर**

सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक

मो ९८४२६२५०२०, ९८०४७७१५६८

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**

**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

**कर्मचारी आवश्यकता**

बिर्तामोडस्थित एक उद्योगको लागि मार्केटिङ्ग सम्बन्धी ज्ञान भएका १० कक्षा उत्तीर्ण केही कर्मचारी आवश्यक भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**तलब : आपसी समझदारीमा**

**सम्पर्क : ९८१६०५२७५५**

*नोटः महिलालाई विशेष प्राथमिकता दिइनेछ।*

**रेष्टुरेन्ट बिक्रीमा**

झापाको बिर्ताबजारमा अति चालू अवस्थाको रेष्टुरेन्ट तु-बिक्रीमा छ।

**सम्पर्क : ९८२६९४३८८९**


## निःशुल्क स्वास्थ्य शिविर



**बिर्तामोड, चैत ७।** मेची मोडेल आयुर्वेद अस्पतालले निःशुल्क स्वास्थ्य शिविरको आयोजनासँगै विशेषज्ञ डाक्टरहरुको सेवा शुभारम्भ गरेको छ।

बिर्तामोड नगरपालिका-९ स्थित भवनमा स्वास्थ्य शिविरसँगै सेवा आरम्भ गरेको हो।

आयुर्वेद पद्धतिलाई प्रचारप्रसार गर्न, स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ अस्पतालले सेवा आरम्भ गरेको अस्पतालका सञ्चालक ईश्वर कार्की बताउँछन्।

असन्तुलित जीवनशैली, व्यस्त समय, असन्तुलित खानपानका कारण दिनप्रतिदिन विभिन्न प्रकारका बिरामी बढ्दै गएकोले आफ्नो दैनिकी, खानपानमा सन्तुलन राख्नुपर्ने अस्पतालका डाक्टर एम.डी. आयुर्वेद अमितकुमार कर्ण बताउँछन्।

अस्पतालमा पञ्चकर्म, शैल्य साल्कय, बाल रोग विशेषज्ञ, स्त्री रोग विशेषज्ञ लगायतका आयुर्वेद विशेषज्ञ डाक्टरहरुद्वारा बिरामी जाँच गरी उपचार परामर्श सेवा दिइने अस्पताल सञ्चालक समितिका सदस्य विक्रम बस्नेतले जानकारी दिए।

अस्पतालमा प्रदेश सांसद एकराज कार्की, बिर्तामोड नपा.वडा नं ३, ५, ७, ८, ९ का जनप्रतिनिधि लगायतले अस्पतालको अवलोकन गरेका थिए। शिविरमा १००भन्दा बढी बिरामीहरुको निःशुल्क जाँच, परामर्श र बिरामीहरुलाई औषधि वितरण गरिएको सदस्य बस्नेतले बताए।


**Kontrakt Courier**
**Trans Air Courier**

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

**Branch Office**
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (**ph: 023-536735**)

**बिरामी वर्गलाई खुशीको खबर**

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।

**मो. ९८४२६४३६१८/९८०४९९४८८०**

शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**हाडजोर्नी तथा नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**

- **ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको**
- **बाथ रोग, युरिक एसिड बढेको**
- **शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको**
- **प्यारालाइसिस, मुख बाङ्गिएको**

**समय :** बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

'प्राविधिक शिक्षा आजको आवश्यकता, सीप सिकौं स्वरोजगार बनौं'

**निःशुल्क तालिम सम्बन्धी सूचना १**

प्राविधिक शिक्षा तथा व्यावासायिक तालिम परिषद (CTEVT)को आर्थिक सहयोगमा यस हल्दिबारी माध्यमिक विद्यालय हल्दिबारी, झापा मार्फत सञ्चालन हुने तपशिलका विषयहरुमा निःशुल्क ३९० घण्टे (६५ दिनको) छोटो अवधिको सीपमूलक तालिम सञ्चालन हुने भएकोले १६ वर्ष पूरा भएका नेपाली नागरिकहरुले स्वरोजगार मूलक सीप प्राप्त गरी मौकाको फाइदा उठाउनु हुन सूचित गरिन्छ।

**यसभन्दा अगाडि तह १ को सीप परीक्षणमा सहभागी नभएको हुनुपर्नेछ।**

**तालिम सञ्चालन हुने विषयहरु**

| तालिम हुने विषयहरु | प्रशिक्षार्थी संख्या | तालिम सञ्चालन हुने स्थान |
|---|---|---|
| च्याउ उत्पादक | २० जना | हल्दिबारी मा.वि. हल्दिबारी |
| बेमौसमी तरकारी उत्पादक | ४० जना | हल्दिबारी मा.वि. हल्दिबारी |

**आवश्यक कागजातहरु :**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति

नोटः तालिम अवधिभर प्रशिक्षार्थीलाई दैनिक रु. ५० का दरले उपस्थितीका आधारमा खाजाको व्यवस्था गरिएको छ।

**तालिम सम्बन्धी अन्य जानकारी**

- महिला, जनजाति, पिछडा वर्ग तथा कोभिड-१९ का कारणले रोजगार गुमाएका र कृषकहरुलाई प्राथमिकता दिइनेछ।
- तालिम अवधिभर खाजाको व्यावस्था गरिनेछ। तालिम पछि CTEVT द्वारा तह १ को सीप परीक्षण गरी सफल उम्मेद्वारलाई सीपको प्रमाणपत्र दिइनेछ।
- फारम भर्ने अन्तिम मिति : २०७७ चैत्र १३ गतेसम्म

सम्पर्क **श्री हल्दिबारी माध्यमिक विद्यालय,** हल्दिबारी-२, झापा

(फोन : ९८४२६३८२८४/९८०४९०६६१०)

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।

**लेखापाल : १ जना**

**योग्यता : +२ पास (अनुभवी)**

**सेक्टरवान सेक्यूरिटी सर्भिस**

बिर्तामोड, झापा

**फोन सम्पर्क :**

**(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)**

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

**सुवर्ण अवसर! सुवर्ण अवसर!!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा

फोन : ९८०४९४७२७५, ९८१४९८३२७३




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल-अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** जीवनशैलीमा परिवर्तन लूयाउनेछ। आफ्नो क्षेत्रमा प्रभाव जमाउन सफल भइनेछ। कीर्तिमानी काम प्रारम्भ होला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। साथीभाइले हिम्मत जगाउनेछन्। प्रयत्न गर्दा नेतृत्व हातलागी हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा फाइदा हुनेछ। रोकिएका काम सम्पादन हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मेहनतले जिम्मेवारी पनि दिलाउनेछ। समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ। भेटघाटले महत्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ। स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** कामबाट तत्काल फाइदा नउठ्न सक्छ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ने स्थिति रहनेछ। काममा चुनौति देखिएला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सहयोगीहरूले साथ दिनाले चुनौतिहरूलाई पार लगाउन सकिनेछ। पशुधन र कृषिबाट सामान्य लाभ मिल्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ। परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** यात्राको प्रक्रियाले खर्च बढानेछ। तापनि व्यवसायिक कामले यात्रा गराउला। उद्योग र व्यापारमा लाभ हुनेछ।